# **निसीखोलागाँउपालिकाको प्रशासकीयकार्यबिधि (नियमितगर्ने) ऐन, २०७५**

प्रमाणीकरणमिति : २०७५/१२/२८

स्थानीय राजपत्रमा प्रकाशीत मिति : २०७४//

२०७५ सालको ऐन नं....

प्रस्तावनाःनेपालको संविधानको आसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्रभित्रका बिषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यबिधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संञ्चालन ऐन, २०७५ को दफा १०२ को उपदफा (१) बमोजिम निसीखोला गाँउपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. सक्षिप्तनामविस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम निसीखोला गाँउपालिकाको प्रशासकीय कार्यबिधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन निसीखोला गाँउपालिका क्षेत्रभित्र तुरुन्तलागु हुनेछ ।

**२. परिभाषा :** (१) बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "ऐन"भन्नाले निसीखोलागाँउपालिकाको प्रशासकीयकार्यबिधि ( नियमितगर्ने) ऐन २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका"भन्नाले निसीखोलागाँउपालिका सम्झनु पर्छ ।

(ग) "गाँउपालिका"भन्नाले निसीखोलागाँउपालिका सम्झनु पर्छ ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२२ बमोजिमको गाँउसभा सम्झनु गर्छ ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियमबनाउने अधिकार :** (१) नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिमगाँउपालिकालाई तोकिएकाअधिकार क्षेत्रभित्रकाबिषमातोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यबिधिनियमितगर्नको निमित्तनिसीखोलागाँउकार्यपालिकाले आवश्यकनियमबनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमनियमबनाउँदा संघीयतथाप्रदेश कानुनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने बिषयमामात्रबनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यबिधि र मापदण्डबनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रहीनिसीखोलागाँउकार्यपालिकाले आवश्यकअनुसार निर्देशिका, कार्यबिधि र मापदण्डबनाई लागु गर्न सक्नेछ ।